# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal


**अत्यन्त जरुरी**

च.नं. १००/७९/८०

मिति :- २०७९/०५/०१

**माननीय गर्भनर ज्यू,**
**श्री महा प्रसाद अधिकारी ज्यू,**
**श्री नेपाल राष्ट्र बैंक**
**बालुवाटार, काठमाडौं, नेपाल ।**

*बोधार्थ:* **सम्माननीय प्रधानमन्त्रीज्यू ,**
**श्री शेर बहादुर देउवा ज्यू,**
**श्री प्रधानमन्त्री एवम् मन्त्री परिषद् कार्यालय,**
**नेपाल सरकार,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

*बोधार्थ:* **माननीय सभापति ज्यू,**
**श्री भरत कुमार शाह ज्यू,**
**श्री व्यवस्थापिका संसद**
**सार्वजनिक लेखा समिति,**
**नेपाल सरकार,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

**विषय : रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कि.नं. २६६, २६७ र २६८ को घर–जगगा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्यको छानबिन सम्बन्धमा**

**माननीय गर्भनरज्यू,**

उपरोक्त सम्बन्धमा मिति २०७९/०४/१२ मा नेपाल राष्ट्र बैंकमा भेट गरी सबै तथ्य प्रमाण बुझाइ विस्तृत जानकारी गराइसकेको तथा गुनासो सम्बन्धी अदालतमा कुनै मुद्दा नरहेको भनी समेत जानकारी गराइसकेको अवगत गराउन चाहन्छु । नेपाल राष्ट्र बैंकले यस सम्बन्धमा छिट्टै सम्पर्क गर्ने जानकारी गराएको थियो ।



दर्ता नं: ६६८
५/२

मिति २०७९/०४/३० मा नेपाल राष्ट्र बैंकको नियमन विभागमा सम्पर्क गर्दा नेपाल राष्ट्र बैंकबाट सो विषयमा राष्ट्रिय वाणिज्य बैंकलाई पत्राचार गरी हालसम्म गुनासो सम्बन्धमा केही कारबाही अगाडि नबढाइएको जानकारी प्राप्त भएको माननीय गर्भनरज्यूलाई जानकारी गराउन चाहन्छु ।

माननीय गर्भनर ज्यू, निवेदनमा उल्लेखित विषय उद्योगको कालीमाटी २(क) को कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको सम्बन्धमा अदालतमा कुनै मुद्दा विचाराधीन नरहेको भनी पटक–पटक मौखिक र लिखित रुपमा प्रमाण सहित नेपाल राष्ट्र बैंकलाई जानकारी र निवेदन गर्दा पनि राष्ट्रिय वाणिज्य बैंकमाथि कारबाही गरिएको छैन ।

स्पष्ट रुपमा अनियमितिता र भष्ट्राचार देखिदाँ पनि राष्ट्रिय वाणिज्य बैंकमाथि नेपाल राष्ट्र बैंकबाट कारबाही किन भएको छैन ?

माननीय गर्भनर ज्यू, मुद्दा भन्दै राष्ट्रिय वाणिज्य बैंकले जोगिन खोजेकोले उपरोक्त विषय सम्बन्धमा मुद्दा छ भने राष्ट्रिय वाणिज्य बैंकसँग प्रमाण माग्न समेत श्री नेपाल राष्ट्र बैंकलाई निवेदन गरेको छु र पुनः निवेदन गर्दछु ।
सेटिङ्गमा संलग्न उपरोक्त सम्पत्तिको खरीदकर्ता, सम्बन्धित बैंक र मालपोतको विरुद्ध म उद्योगीले कुनै मुद्दा गरेको छैन ।

माननीय गर्भनर ज्यू, सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकद्वारा सार्वजनिक रुपमा आह्वान गरिएको टेण्डरमा ठूलो अनियमितता गरेको (बैंकले सेटिङ्गमा बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको र त्यहीँ सम्पत्तिमा लगभग शत प्रतिशत ऋण जारी गरेपछि मात्र क्रमिक रुपमा टेण्डरको रकम जम्मा लिई हिसाब राफसाफ गरेको इत्यादि कार्यहरु) स्पष्ट देखिन्छ । सोही कारणले सो विषयको उद्योगीले श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा जानकारी गराइ उजुरी गरेको नेपाल राष्ट्र बैंकलाई अवगत नै छ ।

रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये उद्योगको कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको मिति २०६२/०३/१७ मा राष्ट्रिय वाणिज्य बैंकद्वारा निकालिएको उक्त लिलामी र सो सम्बन्धमा बैंकद्वारा सेटिङ्गमा भए गरिएका अनियमितता र गैरकानुनी काम कारवाहीको विषयमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा पटक–पटक नेपाल राष्ट्र बैंकलाई कारबाहीका लागि पत्राचार गरिएको माननीय गर्भनर ज्यूलाई जानकारी नै छ ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको निर्देशानुसार नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०२/२० (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/८७/०६५/६६) मा तथा पुनः मिति २०६६/०३/०७ (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/९४/०६५/६६) मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन भनी पत्रहरु पठाएकोमा राष्ट्रिय वाणिज्य बैंकबाट प्रतिवेदन प्राप्त भएकोमा नेपाल राष्ट्र बैंकबाट के कारवाही भएको जानकारी पाँउ भनी माननीय गर्भनरज्यूलाई पुनः सादर विनम्र अनुरोध गर्दछु ।

माननीय गर्भनर ज्यू, बैंक तथा वित्तीय संस्थाबाट उद्योगविरुद्ध भए गरिएका अनियमितता र गैरकानुनी काम कारबाहीको छानबिन, जाँचबुझ गरी कारबाही गर्ने नियामक निकाय श्री नेपाल राष्ट्र बैंक रहेकोले नेपाल राष्ट्र बैंकबाट कारवाही गरिदिनुहुन सादर विनम्र अनुरोध गर्दछु ।
नेपाल राष्ट्र बैंकलाई उद्योगीको गुनासो सम्बोधन गरी प्रकृया अगाडि बढाउन तथा यथाशीघ्र कारवाही गरी उद्योगलाई न्याय दिनका लागि पुनः सादर विनम्र अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु :**

१) पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/९४/०६५/६६ को मिति २०६६/०३/०७ पत्रको प्रतिलिपि
२) मिति २०७९/०३/२४ र मिति २०७९/०४/२६ मा माननीय गर्भनरज्यू समक्ष पेश निवेदनहरुको प्रतिलिपि

**माननीय गर्भनरज्यूबाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**
बृज गोपाल इनानी
प्रोपाइटर
महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज
पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।
फोन नं.:– ९७७–९८४९६५०५१४
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com